आज मिति २०८२।०५।०५ गते विहिबारका दिन यस गाउँपालिकाका कार्यबाहक अध्यक्ष श्री माया सिलवालज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्ताबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थितिः

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री माया सिलवाल | कार्यबाहक अध्यक्ष |
| २. | | श्री सन्तबहादुर मगर | १ नं. वडा अध्यक्ष |
| ३. | | श्री पञ्चबहादुर प्रजा | २ नं. वडा अध्यक्ष |
| ४. | | श्री नरबहादुर नेपाल | गा.पा. प्रवक्ता एवं ३ नं. वडा अध्यक्ष |
| ५. | | श्री रुद्रप्रसाद उप्रेती | ४ नं. वडा अध्यक्ष |
| ६. | | श्री तेजबहादुर शेरचन | ५ नं. वडा अध्यक्ष |
| ७. | | श्री लक्ष्मण प्रजा | ६ नं. वडा अध्यक्ष |
| ८. | | श्री बमबहादुर थापामगर | ७ नं. वडा अध्यक्ष |
| ९. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| १०. | | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| ११. | | श्री टेकमाया गुरुङ | कार्यपालिका सदस्य |
| १२. | | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १३. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १४. | | श्री शंखबहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री चन्द्रकान्त बस्नेत | सदस्य-सचिब |

अन्य उपस्थितिः

१. उद्गम तिमिल्सिना ब.लै.अ.

२. वासु पण्डित, वरिष्ठ शाखा अधिकृत

३. पार्वती मगराती, स.प्र.वि. अधिकृत

४. तेज कुमार धमला अधिकृत छैटौं

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
बागमती प्रदेश, नेपाल

## कार्यपालिका बैठकको प्रस्ताव पेश कार्यसूची

बैठक संख्याः ५९
अध्यक्षताः श्री माया सिलवाल, कार्यबाहक अध्यक्ष
बैठक मितिः २०८२।०५।०५
बैठक स्थानः इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार।
बैठक समयः विहान ११:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८२।०५।०५ | ११:०० बजे | तिज गीत प्रतियोगिता सञ्चालन सम्बन्धमा। | सामाजिक विकास शाखा | १ |
| २०८२।०५।०५ | ११:०५ बजे | सहायता सामग्री उपलब्ध गराउने सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | २ |
| २०८२।०५।०५ | ११:१० बजे | भूमी आयोगमा लाभग्राहीको नामावली पठाउने सम्बन्धमा। | भूमी शाखा | ३ |
| २०८२।०५।०५ | ११:१५ बजे | मायाटार अस्थायी प्रहरी चौकीको लागि आवश्यक सामाग्री उपलब्ध गराउने सम्बन्धमा। | जिन्सी शाखा | ४ |
| २०८२।०५।०५ | ११:२० बजे | योजना सञ्चालनको लागि उपभोक्ता समिति गठन सम्बन्धमा। | योजना शाखा | ५ |
| २०८२।०५।०५ | ११:२५ बजे | आधारभूत अस्पताल निमार्ण सुपरीवेक्षण कार्यको TOR स्वीकृत गर्ने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ६ |

माया सिलवाल
कार्यबाहक अध्यक्ष

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
बागमती प्रदेश, नेपाल

**पूर्व बैठकको समीक्षा**

मिति २०८२।०४।०५ मा बसेको ५८ औं कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो।

**मिति २०८२।०५।०५ मा बसेको ५९ औं कार्यपालिका बैठकको निर्णयहरुः**

**निर्णय नं.१:** महिलाहरुको महान् पर्व हरितालिका तिजको अवसरमा मिति २०८२ भदौ ०६ गते **"इच्छाकामना गाउँपालिकास्तरीय तिज गीत प्रतियोगिता-२०८२"** सञ्चालन गर्ने। उक्त कार्यक्रमको खर्च उपाध्यक्षसँग महिला उद्यमशीलता विकास प्रबर्द्धन कार्यक्रम शिर्षकबाट लेख्ने।

**निर्णय नं.२:** वडा नं. १ निवासी श्री सुक बहादुर चेपाङको घरमा मिति २०८२।०४।१० गतेको भारी वर्षाको कारण क्षति पुगेको र पीडितलाई आवश्यक सहयोग गरिदिनु भनी १ नं. वडा कार्यालयको सिफारिस समेत प्राप्त भएको हुँदा निजलाई घर मर्मतको लागि आवश्यक २ वण्डल जस्तापाता प्रकोप व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी उपलब्ध गराउने।

**निर्णय नं.३:** यस गाउँपालिकाको वडा नं.७ का रहेका भूमीहिन दलित, भूमीहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुलाई जग्गा धनी प्रमाण पुर्जा उपलब्ध गराउन मिति २०८२।०४।१५ गतेका दिन ७ नं.वडाका वडा अध्यक्ष तथा भूमी समस्या समाधान आयोग वडास्तरीय सहजीकरण समितिका संयोजक श्री बम बहादुर थापा मगरज्यूको अध्यक्षतामा बसेको बैठकले तपसिलमा उल्लिखित संख्यामा सिफारिस गरी पठाएका लाभग्राहीहरुको नाम स्वीकृत गरी भूमि समस्या समाधान आयोग, जिल्ला समिति चितवनमा पठाउने।

तपसिलः

| क्र.सं. | लाभग्राहीको बर्गिकरण | सिफारिस गरिएको संख्या | कैफियत |
|---|---|---|---|
| १. | भूमीहिन दलित | ४० | |
| २. | भूमिहिन सुकुम्बासी | ५३६ | |
| ३. | अव्यवस्थित बसोबासी | १३०० | |

**निर्णय नं.४:** यस गाउँपालिकाको वडा नं. २ मायाटारमा स्थापना भएको अस्थायी प्रहरी चौकीको सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक भाँडाकुँडा, फर्निचर, रंगरोगन लगाएतका इलाका प्रहरी कार्यालय, मुग्लिङ्गको सिफारिस बमोजिम माग भई आएका समग्री अन्य सहायता शिर्षकबाट खर्च लेख्ने गरी उपलब्ध गराउने।

**निर्णय नं.५:** आ.व. २०८२।०८३ मा उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाहरुको उपभोक्ता समिति गठनको कार्य तुरुन्त प्रारम्भ गरी २०८१ भाद्र मसान्त सम्म उपभोक्ता समिति गठनको कार्य सम्पन्न गरी सो को विवरण सहितको जानकारी गाउँ कार्यपालिकाको कार्यालयलमा पठाउन वडा कार्यालयहरुमा पत्राचार गर्ने।

**निर्णय नं.६:** आ.व. २०८२।०८३ को लागि यस गाउँपालिकाको वडा नं. ४ मा निर्माणाधिन १५ शैयाको इच्छाकामना अस्पतालको निर्माण कार्यको सुपरभिजन गर्न परामर्श सेवा खरिदको लागि पेश हुन आएको TOR स्वीकृत गर्ने।

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

माया सिलवाल
कार्यबाहक अध्यक्ष